"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"
# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

जि.शाखा.०७६।०७७

## सवारी साधन तथा यान्त्रिक उपकरणहरु खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७७।०२।१३

यस भद्रपुर नगरपालिका क्षेत्रको **साना किसान सहकारी समूहका** लागि बोलपत्र फारामसाथ संलग्न स्पेशफिकेशन बमोजिमको तपसिलमा उल्लेख भए बमोजिमको सवारी साधन तथा यान्त्रिक उपकरणह आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ।

तपसिल

१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्रमा यस भद्रपुर नगरपालिका कार्यालय, भद्रपुरबाट तोकिए बमोजिमको दसतुर (पछि फिर्ता नहुने गरी) तिरी इजाजत पत्र, मूल्य अभिवृद्धि कर VAT दर्ता प्रमाण पत्र, कर चुक्ता आ.व. ०७५।०७६ को प्रमाण पत्रको प्रमाणित प्रतिलिपी निवेदनसाथ संलग्न गरी कार्यालय समयसम्म खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र ३१औं दिन दिनको १२.०० बजेसम्म यस भद्रपुर नगरपालिका कार्यालयमा दर्ता गरी सक्ने पर्नेछ।

३) **शिलबन्दी बोलपत्र** फाराम पेश गर्दा सो साथ यस कार्यालयको रा.वा.बैंक, भद्रपुर स्थित धरौटी खाता नं. २२१०३०३००७१०३ (ग-३) मा आफुले कबोल गरेको रकमको २.५% हुने जम्मा रकमको सक्कलै बैंक भौचर तथा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति राखी पेश गर्नु पर्नेछ।

४) नियमानुसार दर्ता भएको शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको २.०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधी र अन्य कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। प्रतिनिधीहरु उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) शिलबन्दी भई नआएको, अंक सच्याई केरमेट गरेको, बोलपत्रदाताको सही र छाप नभएको, म्याद भित्र दाखिला हुन नआएको, कार्यालयबाट बिक्री भएको बोलपत्र भरी नआएको र कुनै शर्त उल्लेख भई आएको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन। अंकित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६) बोलपत्र दाखिला गर्ने अन्तिम दिन, खोलिने निर्धारित दिन बिदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।

७) बोलपत्रदाताले आफ्नो बोल कबोल अंकमा मू.अ.क.बाहेकको रकम उल्लेख गर्नु पर्नेछ।

८) नेपाल सरकार र स्थानीय निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर दस्तुर सम्बन्धित बोलपत्रदाता आफैले बुझाउनु पर्नेछ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१०) बोलपत्रसाथ संलग्न स्पेसीफिकेशन अनुसारका सवारी साधन तथा यान्त्रिक उपकरणहरु हुनु पर्नेछ

११) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

१२) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल

| क्र.सं. | विवरण | परिमाण | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१ | ट्रक | १ (एक) | रु.३,०००।- | स्पेशीफिकेशन बोलपत्रसाथ संलग्न राखेकोछ। |
| ०२ | टयाक्टर (हाइड्रोलिक ट्रली सहित) | १ (एक) | रु. ३,०००।०० | ,,, |
| ०३ | जेनेरेटर | १ सेट | रु.१,०००।०० | ,, |

..................
तुलसी बहादुर श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)

C:\Users\computer\Desktop\Laptop\Jinsi dept\letters in long pad1.doc

कार्यालय प्रमुख : ०२३-५२०७८१, कार्यालय ५२०१४८, ५२००५५ Fax : 00977-23-520781
वडा कार्यालय महेशपुर : ५२०८४३,वडा कार्यालय भद्रपुर : ५२०५५५, वडा कार्यालय चन्द्रगढी : ४५५०८२
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np